इच्छाकामना गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

कुरिनटार, चितवन

## आशयपत्र माग गर्ने सूचना ।

**प्रकाशित मिति : २०७७०६।१४ गते**

यस गाउँपालिका गाउँ कार्यपालिकाकाको २०७७ असोज २ गतेको निर्णय अनुसार यस **गाउँपालिकाको** (मोवा खोलादेखि रिद्धी खोलासम्मको घर, पसल, होटल, व्यवसायिक प्रतिष्ठान, कार्यालय आदिबाट निस्कने फोहर, सडक सफाई र सार्वजनिक स्थलको सफाईबाट निस्कने फोहरको संकलन, ढुवानी र विसर्जन तथा सेवा शुल्क उठाई गाउँपालिकाको खातामा जम्मा गर्ने कार्य) **क्षेत्रभित्र उत्सर्जन भएका फोहरमैला व्यवस्थापन** सम्वन्धी कार्यक्रमहरु सञ्चालनमा सहयोग पुऱ्याउनका लागि आवश्यक सेवा उपलब्ध गराउन ईच्छुक नेपालको प्रचलित नियमानुसार दर्ता भएका एवं यस गाउँपालिकामा दर्ता भएका देहायका योग्यता पुगेका संघ, संस्था एवं कम्पनीहरुबाट उक्त सेवा उपलब्ध गराउने सम्बन्धी आशय पत्र आहवान गरिएको छ ।

योग्यता पुगेका इच्छुक संघ, संस्था एवं कम्पनीहरुले यो सूचना प्रकाशित भएको मितिले पन्ध्र (१५) दिन भित्रमा ( अन्तिम दिन बिदा परे सो को भोलीपल्ट) कार्यालय समय भित्र यस **इच्छाकामना गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय**मा आईपुग्ने गरी निर्धारित ढाँचामा आशय पत्र पेश गर्न सकिनेछ । आशयपत्रको ढाँचा, सुचीकरणको आधार एवं अन्य थप आवश्यक कुराहरु यस इच्छाकामना गाउँपालिकाको वेभ साईटमा www.ichchhakamanamun.gov.np राखिएको छ ।

(१) आशयपत्रदाताको योग्यता :

क) अनुभव : कम्तिमा एक बर्ष अगाडी दर्ता भई कार्यक्रम सञ्चालन गरेको ।

ख) प्रस्तावित कार्य सँग मिल्ने कार्यको अनुभव भएकोलाई प्राथमिकता दिइनेछ ।

(२) प्रस्तावित कार्य सम्पन्न गर्न लाग्ने अनुमानित समय :कम्तिमा तीन बर्ष सेवा प्रदान गर्नुपर्नेछ ।

(३) संक्षिप्त सूचीमा परेका फर्म, संस्था वा कम्पनीबाट मात्र सेवा खरिद सम्बन्धी प्रस्ताव माग गरिनेछ ।

(४) आशयपत्रदाताले आशयपत्र साथ आशयपत्रको नमुनामा उल्लेख भए बमोजिमका कागजातहरु पेश गर्नु पर्नेछ ।

(५) आशयपत्र पेश गर्ने स्थानः इच्छाकामना गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, कुरिनटार, चितवन

(६) आशयपत्र तयार गर्ने निर्देशन आशयपत्रको ढाँचामा नै समावेश गरिएको छ उक्त निर्देशन पालना नभएको आशयपत्र उपर कारवाही गरिने छैन ।

(७) फोहरमैला व्यवस्थापन सम्बन्धी सम्पुर्ण सेवा एउटै वा जेबि फर्म, संस्था वा कम्पनीबाट गर्नु पर्नेछ ।

(८) यो सेवा प्रदान गर्नको लागि कुनै पनि व्यक्ति वा संस्था संग उप-सम्झौता (sub-contract) गर्न पाईनेछैन । तर टोल विकास संस्था वा युवा क्लबसँग उप सम्झौता गर्न यो बुदाँले वाधा पुर्याउने छैन ।

(९) आवश्यक थप जानकारीका लागि गाउँपालिकाको कार्यालयमा सम्पर्क गर्नुहोला ।